**१अनुसुची — १**

**सुचनाको हकसम्वन्धी ऐन , २०६४ को दफा ५ को उपदफा (३ ) र नियम नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सुचना सार्वजनिक गर्ने निकायको नामः-** एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दिया

**सुचना सार्वजनिक गरेको अवधिः-** आ व २०७९/८० को कार्तिक देखि पुष मसान्तसम्म ।

**१. निकायको स्वरुप र प्रकृति :**

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मन्त्री माननीय आरती पौडेल ज्यूबाट २०७७ साउन २१ गते एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दियाको बिधिवत उद्घाटन भई कार्य प्रारम्भ भएको हो । साबिक जिल्ला कृषि बिकास कार्यालयको भवनमा यस कार्यालय रहेको छ । लुम्बिनी प्रदेशको भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको यस कार्यालयले कृषि आधुनिकिकरण, यान्त्रीकरण र ब्यवसायिकरणका लागी बिभिन्न कार्यहरु गर्दै आएको छ । साबिक जिल्ला कृषि बिकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयहरुको खारेजी पश्चात ब्यवसायिक उत्पादकहरुलाई बिज्ञ सेवा प्रवाह गर्न र स्थानीय तहका कृषि तथा पशु सेवा शाखाका प्राबिधिकहरुलाई कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजिकरण र क्षमता बिकासमा टेवा पुर्‍याउने सन्दर्भमा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको भुमिका महत्वपुर्ण ठानिएको छ ।
- पश्चिम तराईको बर्दिया जिल्लालाई अन्नको भण्डार मानिने हुदाँ कृषि ब्यवसायिकरण तथा उत्पादन बृद्धिको प्रचुर संभावना रहेको छ । बर्दिया जिल्लाको कुल खेति योग्य जमिन ७५००० हे मध्ये ६०१०० हे. मा खेति गरिएको छ, जसमध्ये धानबालीले ओगटेको क्षेत्रफल ५०२५०.० हे छ । धान बालीको अतिरिक्त गहु, मकै, दलहन, तरकारी, चैते धान, आदीको उत्पादन उल्लेखनीय हुने गरेको छ । जिल्लामा राजापुर सिंचाई आयोजना, बबई सिंचाई आयोजना जस्ता ठुला सिंचाई आयोजना कार्यान्वयनमा छन, जिल्लामा हाल सम्म ४२५६६ हे. (७१ प्रतिशत) मा सिचाई सुबिधा पुगेको छ । निर्माणाधिन भेरि-बबई डाइभर्सन बहुउदेश्यीय आयोजनाले बदिया जिल्लामा ५१,००० हे जमिनमा बाह्रै महिना सिंचाई सुबिधा पुर्‍याउने लक्ष्य लिएको छ ।
- लुम्बिनी प्रदेश अन्तर्गत पश्चिम तराइको बर्दिया जिल्ला खाद्यान्नको भण्डार भनेर चिनिने जिल्ला हो । सन १८१६ मा नेपालको सुगौली सन्धि भई नेपालले आफनो भू-भागको एक तिहाई क्षेत्रफल गुमाउनु परेकोमा सन १८६० मा सुगौली सन्धिमा गुमाएको भू-भाग मध्ये पश्चिम नेपालका केही भू-भाग फिर्ता पाएको थियो । तिनै फिर्ता भएका भू-खण्डहरू मध्ये नयाँ मूलुकको रूपमा परिचित जिल्ला बर्दिया हो । बर्दिया जिल्लाको माटो धेरै उर्वर छ र अन्नको भण्डारण भनेर चिनिने यस जिल्लामा ८० प्रतिशत भन्दा बढी कृषक कृषि पेशामा आधारीत छन । कृषि जन्य उत्पादनको दृष्टिकोणले खाद्यान्न मात्र नभएर आलु तरकारी र दलहन एवं तेलहन बालीमा पनि यो जिल्ला अगाडि छ भने ७० हेक्टर भन्दा बढी जलाशय क्षेत्रफल रहेको बढैया ताल र आसपासमा रहेका सोरहवा एवं मैनापोखर र बगनाह गा.वि.स माछा उत्पादनका लागि नमूना क्षेत्र बनेका छन । संघियतामा जानु पुर्ब जिल्ला कृषि बिकास कार्यालयले संचालित गर्ने कार्यक्रम मध्ये प्राथमिकतामा रहेका पकेट प्याकेज कार्यक्रमको रूपमा सञ्चालन भएका कार्यक्रमहरूको प्रभावले गर्दा यो जिल्लाबाट बर्षेनी ११०० मे.टन भन्दा बढी माछा उत्पादन भई १० करोड भन्दा बढी आम्दानी माछा बिक्रि बितरणबाट कृषकले लिईरहेका छन भने बीउ तथा खायन आलुमा जिल्ला आत्म निर्भरको नजिक पुगेको छ । कोहलपुरमा निर्माण गरिएको ४००० मे.टन क्षमताको भेरी शीत भण्डारमा ठुलो मात्रामा बर्दियाको बीउआलु भण्डारण हुने गरेको छ । विगतमा साना तथा मझौला कृषक आयस्तर अभिबृद्धि आयोजनाको पुरक आर्थिक सहयोगमा बढैयाताल गाउपालिका वार्ड नं ८ मा निर्माण गरिएको २००० मे टन क्षमताको तिलक नारायणि शित भण्डारले यस

जिल्लामा उत्पादित आलु र केहि अन्य कृषि उपज भण्डारको आवश्यकतालाई धेरै हद सम्म संबोधन गरेको छ । बारबर्दिया नगरपालिका पदनाहामा स्थापित बुढान कृषि सहकारी संस्था र राजापुर नगरपालिकामा स्थापित गणेशबाबा एग्रोसीड कम्पनी खाधन्न बालीको वीउ स्रोत केन्द्रको रूपमा स्थापित भएका छन् । यसरी एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका कार्यक्रम मार्फत उत्पादन भई रहेका माछा, आलु, खाद्यान्न बीउ, तरकारी, मासु ,दुध तथा अण्डाले यस जिल्लालाई चिनाउने कृषि तथा पशुपन्छी उपज हुन भन्दा अत्युक्ति नहोला । हाल यि कृषि उपजहरु जिल्ला बाहिर पनि निकासि हुने गरेका छन ।

- **भौगालिक अवस्थिति :**

  कूल क्षेत्रफल २०२५ वर्ग कि.मी., देशान्तर ८१°३ देखि ८१° ४१,आक्षाँस २८°७ देखि २८°३९ शिवालिक क्षेत्र(३१.२३%) तराई क्षेत्र (६८.७६%), समुन्द्र सतहदेखि उचाई १३८ मि. (गुलरिया) अधिकतम् उचाई १२७९ मि. चेपाङ्ग गाऊँ ।

- **सीमाना :**

  यस जिल्लाको सीमाना संम्बन्धी अध्ययन गर्दा पूर्वमा बाँके (मान खोला) पश्चिममा कैलाली ( कर्णाली नदी)उत्तरमा सुर्खेत तथा सल्यान र दक्षिणमा उत्तरप्रदेश भारत पर्दछ ।

- **प्रशासकीय विभाजन :**

  लुम्बीनि प्रदेश अन्तर्गत भेरी अञ्चलमा पर्ने यस जिल्लाको सदरमुकाम गुलरियामा पर्दछ भने जिल्लामा ६ नगरपालिका, २ गा.पा, १३ वटा ईलाका तथा ४ वटा संसदीय निर्वाचन क्षेत्र रहेका छन् ।

- **जनसंख्या (रा.ज.ग. २०६८) :**

| | |
|---|---|
| कुल जनसंख्या | : ४२६९४६ |
| महिला | : २२१५८० (५१.९%) |
| पुरूष | : २०५०९६ (४८.१%) |
| घरधुरी संख्या | :७९१९७ |
| परिवार संख्या | :८४२०७ |
| औसत परिवार | :५.०७ |
| जनघनत्व (प्र.वर्ग.कि.मि.) | : २११ |
| वार्षिक जनसंख्या बृद्धिदर | :१.१% |

**धर्म : (रा.ज.ग २०६८ अनुसार)**

| | |
|---|---|
| हिन्दु | :९४.१७ |
| इस्लाम | : २.६ |
| बौद्ध | :१.०१ |
| क्रिस्चियान | : २.२ |
| किरात | : ०.०१ |
| प्रकृति | : ०.०१ |
| बहाइ | : ०.०१ |
| अन्य | :०.०३ |

**कृषि कार्यमा भू-उपयोग तथा माटो**

**भू-उपयोग :**

| | |
|---|---|
| कूल क्षेत्रफल | : २०२५०० हेक्टर |
| खेती योग्य जमिन | :७५००० हे. |
| खेती गरिएको जमिन | : ६०१०० हे. |
| बनजंगल | : १३७०० हे. |
| चरन क्षेत्रफल | : ९०० हे. |

नदीनाला : १४९०० हे.
बर्दिया राष्ट्रिय निकुञ्ज : ९८००० हे.

**माटो :**

| सि.नं. | माटोको प्रकार | ओगटेको क्षेत्र |
|---|---|---|
| १ | पाँगो कालो र दोमट | राजापुर |
| २ | दोमट र कालोमाटो | उत्तर क्षेत्र वन जंगलले ढाकिएको र हालै आवाद गरिएको |
| ३ | बलौटे दोमट | दक्षिणी क्षेत्र |

- **जमिनको भिरालोपन :** २० प्रतिशत भन्दा कम :
- **जलवायु तथा वर्षा :**
- **हावापानीको प्रकार :**

क) गर्मी, सुख्खा उपोष्ण हावापानी
ख) न्यानो सुख्खा उपोष्ण हावापानी
ग) न्यानो आद्र शीतोष्ण हावापानी

**प्रमुख नदीनाला तालहरू :**

प्रमुख नदीहरू : कर्णाली, भेरी, बबई, मानखोला
बढैयाताल :७० हे. (सोरहवा-३)
लक्ष्मणा ताल :३ हे. (डेउढकला)
भग्रैया ताल :१ हे. (ढोढरी)
सीमाताल :५ हे. (सोरहवा-७)
मानपुरटपरा ताल :२० हे. (मानपुरटपरा)
दनुवा ताल :१.५ हे. (ब.रा.नि भित्र पर्ने)

**धार्मिक तथा पर्यटकीय स्थल :**

- **जिल्ला भित्रका धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरूको विवरण :**

| क्र.सं. | पर्यटकिय स्थलका नाम | स्थान | विशेषता वा प्रसिद्धिको कारण |
|---|---|---|---|
| १ | ब.रा.नि | ठाकुरद्वारा | हात्ती, गैडा लगायतका जनावरहरु हेर्न पाइन |
| २ | बढैया ताल | सोरहवा | ७० हे. को एउटै ताल |
| ३ | कर्णाली पुल | चिसापानी | उत्कृष्ट पुल |
| ४ | गेरुवा पुल | खैरीचन्दनपुर | नेपालमै लामो |
| ५ | कृष्णसार क्षेत्र | खैरापुर (गु.न.पा.) | दुर्लभ बन्य जन्तु |
| ६ | चेपाङ गाउँ | वेलवा | जिल्लाको अग्लो पहाड |

## कार्यालयको उद्देश्य

- निर्बाहमुखि कृषि प्रणालीलाई ब्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु
- बाली बस्तुको मुल्य श्रृंखला बिकास
- कृषि क्षेत्रलाई सम्मानजनक र बिशिष्टिकृत ब्यवसायको रुपमा बिकास गर्नु
- कृषि उपजको उत्पादन लागत घटााई बजार प्रबर्धन गर्नु
- परम्परागत कृषि ज्ञान तथा जैबिक बिबिधताको संरक्षण तथा प्रबर्धन

## २. निकायको काम, कर्तव्य र अधिकार :

- स्थानीय कृषि तथा पशुपन्छीमा देखिएका समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेसन परिक्षण संचालन गर्ने,
- माटो तथा मल, बाली संरक्षण र वीउविजन परिक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा,
- भेटेरेनरी विज्ञ तथा प्रयोगशाला सेवा
- प्रदेश र स्थानीय तहमा कार्यरत कृषि तथा पशुपन्छी सेवाका प्राविधिक तथा व्यवसायिक कृषक र व्यबसायीहरुको लागी कृषि पशुपंक्षीसंग सम्बन्धित विशिष्टीकृत ज्ञान शीप प्रदान गर्न एडभान्स तालिम संचालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा,
- प्रदेश अर्न्तगत संचालन हुने संघिय कृषि तथा पशुपन्छी विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दूको रुपमा कार्य गर्ने,
- प्रदेश सरकार मार्फत संचालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने,
- कृषि आर्थिक महत्वका स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने,
- कृषि अनुसन्धान परिषदको वाह्य अनुसन्धान स्थल (Outreach site) को रुपमा कार्य गर्ने,
- वीउ विजन तथा उन्नत नश्लको लागी श्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्थानीय तह र कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धि कार्य,
- बहु स्थानीय तह समेटि कार्यान्वयन हुने संघिय आयोजनाहरुको संचालन र नियन्त्रण,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत कमाण्ड क्षेत्र भित्रका पकेट, व्लक, जोन तथा सुपरजोनहरुको लागी प्राविधिक सेवा टेवा,
- एग्री इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली बस्तु विकासको योजना, मूल्य अभिबृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- कृषि तथा भेटेरिनरी स्नातक तथा जे.टी./जे.टी.ए. कोष अध्ययनरत विद्यार्थीहरुका लागी इर्न्टनसिप कार्यक्रम संचालन गर्ने,
- स्थानीय तहका कृषि तथा पशुपन्छी विकासका इकाईहरुबाट कृषि तथा पशुपन्छी सम्बन्धि तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै संकलित तथ्यांक प्रदेश र संघिय तालुक निकायहरुमा पठाउने ।
- आफ्नै कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागी व्यवसाय विकास सेवा उपलव्ध गराउने,
- समग्र कृषि तथा पशुपन्छी विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :

**एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाको संगठनात्मक संरचना**

**प्रमुख**
**नवौ/दशौ तह (कृषि/समूहकृत नहुने- १**

| **कृषि विकास शाखा** | **पशुपन्छी विकास शाखा** | **प्रशासन शाखा** |
|---|---|---|
| अधिकृत सातौ/आठौ<br>१ बागबानी /बाली सरक्षण /बाली बिकास /कृषि प्रसार /एगृ इको एण्ड मार्केटिग /कृषि/ - २<br>२ अधिकृतस्तर छैठौ./सहायकस्तर पाँचौ कृषि<br>बागबानी /बाली सरक्षण /बाली बिकास /कृषि प्रसार /एगृ इको एण्ड मार्केटिग /कृषि/– १ | १ पशु चिकित्सक/पशु विकास अधिकृत/मत्स्य विकास अधिकृत ,अधिकृतस्तर सातौ/आठौ(कृषि/ला पो डे डे/मत्स्य भेटेरिनरी - १<br>२ प्राबिधिक सहायक,रा.प.अनं.प्रृ./कृषि/बाली संरक्षण-१ | अधिकृतस्तर छैठौ./सहायकस्तर पाँचौ प्रशासन/सा प्र-१<br>अधिकृतस्तर छैठौ./सहायकस्तर पाँचौ ( प्रशासन/लेखा.-१<br>हलुका सवारी चालक/कार्यालय सहयोगी इन्जि /प्र मे/सा प्र -१ |

### ३.२. कर्मचारीहरुको कार्यविवरण

**प्रमुख** - कार्यालयको आर्थिक, प्रशासन तथा प्राविधिक कामकाज गर्ने गराउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**कृषि विकास शाखा** - कार्यालयको तोकिएको लक्ष्यअनुसार कार्यक्रम सन्चालन तथा प्राविधिक सेवा पुर्याउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**पशुपन्छी विकास शाखा** - कार्यालयको तोकिएको लक्ष्यअनुसार कार्यक्रम सन्चालन तथा प्राविधिक सेवा पुर्याउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**प्रशासन शाखा** - आर्थिक, जिन्सी तथा दैनिक प्रशासनिक कामकाज गर्ने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

## ४. निकायबाट प्रदान गरिने सेवा :


- वागवानी ,बाली तथा बाली संरक्षण सम्बन्धि सेवाहरु ।
- प्रवधि प्रर्दशन तथा प्रचार प्रसार, कृषि बजार सम्बन्धि जानकारी ।
- लक्ष्य तोकिएका कार्यक्रमहरुमा अनुदान तथा प्रविधिक सहयोग ।
- वीउविजन विकेता अनुमतीपत्र तथा नविकरण
- विषादी विक्रेता नविकरणका लागि सिफारिस
- कृषि ऋणको लागि सहजीकरण
- बीमा सम्बन्धि कार्यहरु
- पशु विकास तथा पशु चिकित्सा
- भेटेरनिरी उपचार सेवा
- प्रयोगशाला सेवा

**चालु आ.व. मा प्रदान गरिने मुख्य मुख्य सेवा/सहयोगको विवरण**

- ✓ करार खेती कार्यक्रम
- ✓ मागमा आधारित कृषि।पशुपन्छी विकास कार्यक्रम
- ✓ बगर खेति प्रवर्द्धन कार्यक्रम
- ✓ Door to Door पशु बाझोपन निवारण सेवा
- ✓ बाख्रा प्रवर्द्धन कार्यक्रम
- ✓ गाई/भैंसी प्रबर्द्धन कार्यक्रम
- ✓ दलहन प्रवर्द्धन कार्यक्रम
- ✓ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान
- ✓ ब्लक कार्यक्रम (PMAMP)(बाख्रा,आलु)
- ✓ पशुपन्छी तथा मत्सय नियमन कार्यक्रम
- ✓ कृषि उपज भण्डार गृह स्थापना
- ✓ कार्यलय परिसर भित्र कृषि प्रविधि प्रदर्शन कार्यक्रम
- ✓ सामाजिक परिचालनका लागि संघ सस्थासँगको सहकार्य
- ✓ वीउ उत्पादनका लागी आलु मिसन कार्यक्रम
- ✓ स्मार्ट कृषि गाउँ कार्यक्रम
- ✓ आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम
- ✓ सीप विकास, तालिम तथा कार्यशाला गोष्ठी
- ✓ आलु प्रबर्द्धन कार्यक्रम
- ✓ सिचाई सहित कृषि विकास कार्यक्रम
- ✓ बीउ भण्डार गृह स्थापना तथा क्षमता बिस्तार (बारबर्दिया न.पा.)
- ✓ न्यूनतम समर्थन मूल्य कार्यान्वयनका लागि खाद्य गोदाम घर निर्माणमा सहयोग
- ✓ कुल बुट निर्माण ( ठाकुरबाबा न.पा.-५)
- ✓ मकै प्रशोधन औद्योगिकरण सहयोग
- ✓ बाली कटानी (धान/मकै/गहुँ/ तरकारी/ आलु/फलफूल)
- ✓ माटो व्यवस्थापन कार्यक्रम
- ✓ स्थानिय तहमा खटाइएका प्राविधिक जनशक्ति मार्फत कृषि रुपान्तरण अभियान
- ✓ मुसुरो खेती प्रबर्धन कार्यक्रम (मधुवन, ठाकुरबाबा)
- ✓ तोरी प्रबर्धन कार्यक्रम (बढैयाताल गा.पा.)
- ✓ आलु प्रबर्धन कार्यक्रम (गेरूवा गा.पा.)
- ✓ बेसार प्रशोधन केन्द्र स्थापना सहयोग (गुलरिया)
- ✓ नर्सरी तथा फलफूल बगैंचा सुदृढिकरण कार्यक्रम
- ✓ आवश्यकतामा आधारित कृषि/ पशुपन्छी विकास कार्यक्रम (कृषकसँग कृषि मन्त्री कार्यक्रम)
- ✓ बंगुर प्रबर्धन कार्यक्रम (राजापुर, मधुवन न.पा.)
- ✓ तरकारी प्रबर्धन कार्यक्रम (गुलरिया, बाँसगढी न.पा.)

- ✓ केरा प्रबर्धन कार्यक्रम (गुलरिया न.पा.)
- ✓ भ्यासिनेटर अभिमुखिकरण (खोरेत रोग उन्मूलन अभियान प्रारम्भ कार्यक्रम)
- ✓ समन्वय गोष्ठी (खोरेत रोग उन्मूलन अभियान प्रारम्भ कार्यक्रम)
- ✓ रेडियो पत्रपत्रिका (खोरेत रोग उन्मूलन अभियान प्रारम्भ कार्यक्रम)
- ✓ पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम
- ✓ ईपिडेमियोलोजिकल रिपोर्टिङ्ग
- ✓ भ्यासिनेटर परिचालन (खोरेत रोग उन्मूलन अभियान )
- ✓ भ्यासिनेटरका लागि खोप सामाग्री खरिद तथा वितरण

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी :**




**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

यस कार्यालयवाट प्रदान गरिने सेवा निःशुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागी सेवाको प्रकृति अनुसार तुरन्तै वा बढीमा १ महिना अवधि लाग्नेछ । यस सम्वन्धि विवरण उल्लेख छ ।

नागरिक बडा **( Citizen Charter ) :**

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार :**

प्राप्त संघीय तथा प्रदेश सरकारबाट निर्माण गरिएका कार्यविधिमा तोकिए बमोजिमको समिति तथा कार्यदलबाट निर्णय गरिनेछ । सो निर्णय गर्नका लागि समिति तथा कार्यदलको लागि कार्यविधिमा उल्लेख भए बमोजिमको काम, कर्तव्य तथा अधिकारमा रही काम गर्नेछ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

प्रचलित कानून बमोजिम तोकिएको बिषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्नेछ ।प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा बिश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

**९. सुचना प्रकाशन भई कार्यन्वयनको क्रममा रहेका कार्यक्रमहरुको विवरण :**

| |
|---|
| आलु प्रबर्धन कार्यक्रम (गेरुवा गा.पा) |
| मुसुरो प्रबर्धन कार्यक्रम (मधुबन र ठाकुरबाबा न पा) |
| तोरी प्रबर्धन कार्यक्रम (बढैयाताल गा पा) |
| बाली कटानी |
| आकस्मिक बाली संरक्षण कार्यक्रम |
| कोल्ड स्टोर लक्षित आलु/प्याज उत्पादन कार्यक्रम |
| वीउ आत्मनिर्भर कार्यक्रम |
| कृषि उपजको बजार विक्री थोक र खुद्रा पाक्षिक मुल्य संकलन |
| पशु स्वास्थ उपचार तथा खोप सेवा |
| नमुना संकलन तथा प्रेषण |
| पशु स्वास्थ आकस्मिक सेवा |
| कृषि उत्पादन सामाग्री (मल वीउ र विषादी) नियमन तथा अनुगमन |
| बाढीबाट बाली तथा पशुपन्छी क्षेत्रमा भएको क्षतिको विवरण संकलन |

**९.१ सूचना अधिकारी र प्रमुखको नाम र पद :**

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | सागर ढकाल | प्रमुख | ९८५८०३५२०७ |
| २. | सन्तोष पाठक | वागवानी विकास अधिकृत | ९८५८०३५२०८ |

**१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

१. अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

२. जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधि २०७८

३. रोड कोरिडोर।राजमार्ग लक्षित तथा मिसन (आलु र मकै बाली) कार्यक्रम संचालन विधि २०७७

४. स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यविधी

५. कृषि विकास रणनीती २०७२
६. कृषि निति २०६१
७. परियोजनका कार्यान्वयन स्यानुअल २०७७
८. उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम
९. प्रचलित ऐन कानूनहरु ।आदि

**११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण (२०७९ पौष महिनासम्म अवधि) :**

| क्र.सं. | वार्षिक विनियोजित वजेट (रु. हजारमा) | चौमासिक विनियोजित वजेट (रु.हजारमा) | हाल सम्मको खर्च वजेट (रु.हजारमा) |
|---|---|---|---|
| १. | १२९३५० | ५८२६७ | १३४१०।०८ |

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि अद्यावधिक विवरण :**

**राजश्व आम्दानी : ३१६६० प्रथम चौमासिक सम्म ।**

**१२. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**

- स्मार्ट कृषि गाउँ कार्यक्रम; अनुसन्धान र विकास *समस्यामा आधारित अनुसन्धान कार्यक्रम*
- स्मार्ट कृषि गाउँ कार्यक्रम
- बंगुर मिसन कार्यक्रम
- मकै मिसन कार्यक्रम
- मकै मिसन कार्यक्रम अन्तर्गत जातिय परिक्षण तथा खरिद/विक्रि सहजिकरण
- आलु मिसन कार्यक्रम
- लसुन-प्याज मिसन कार्यक्रम
- भैसी ब्लक विकास कार्यक्रम
- बजारमुखी धान प्रबर्धन कार्यक्रम
- रैथाने बालीको बजार प्रवर्द्धन कार्यक्रम
- समुदायको व्यवस्थापनमा बंगुर श्रोत केन्द्र स्थापना
- मत्स्य ह्याचरी निर्माण कार्यक्रम
- करार खेती कार्यक्रम
- शुलभकर्जा सहजिकरण तथा ब्याज अनुदान कार्यक्रम
- प्रतिफलमा अधारित प्रोत्साहन अनुदान कार्यक्रम
- पोषण सुधारका लागि ग्रामीण कुखुरा पालन
- आकष्मिक बाली संरक्षण कार्यक्रम
- सामाजिक परिचालनका लागि संघ सस्थाहरुसँगको सहकार्यमा कार्यक्रम
- हरित स्वयम् सेवक परिचालन कार्यक्रम
- खोरेत रोग उन्मूलन अभियान
- आधुनिक प्रविधि प्रदर्शन कार्यालय परिसर

- ➢ कार्यालय व्यवस्थापन
- ➢ डोर टु डोर कार्यक्रम
- ➢ प्रयोगशाला सेवा संचालन
- ➢ आकस्मिक पशु स्वास्थ्य कार्यक्रम
- ➢ महोत्सव  दिवस कार्यक्रम
- ➢ बार्षिक कार्यक्रम सार्बजनिकिकरण र संयूक्त अनुगमन
- ➢ बजार अनुगमनका
- ➢ डिस्पेन्सरी सेवा संचालन तथा स्थलगत रोगको नमुना लिने र शव परिक्षण

**१३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

https://www.ialdobardiya.lumbini.gov.np/

**१४. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

- वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग नभएको ।

**१५. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

- ❑ १. भेटेरीनरी अस्पताल, भेटेरीनरी प्रयोगशाला, सर्जरी वार्ड तथा कृषक सहयोगी कक्ष मार्फत सेवाप्रदान भएको छ।
- ❑ सेवा करारमा २९ जना जनशक्ति नियुक्ति भई कामकाजका लागि स्थानिय तहमा खटाईएको ।
- ❑ बिभिन्न कार्यक्रमहरुको सूचना प्रकाशन भई फिल्ड प्रमाणिकरण कार्य भैरहेको।
- ❑ नियमन कार्यहरु भै रहेको।
- ❑ कार्यक्रमहरुको भुक्तानीका कार्यहरु समयमा सम्पन्न भएको
- ❑ स्मार्ट कृषि गाउँ कार्यक्रमको कार्ययोजना अनुसार कार्य भईरहेको ।

**१६. सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरण:**

- लिखित सूचना माग हुन नआएको ।
- मौखिक , टेलिफोन वार्ता तथा भेटघाटबाट सुचना आदान प्रदान भएको।

**१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**

- सूचनाहरु अन्यत्र प्रकाशन नभएको ।

**१८ . सुशासन सम्बन्धि उल्लेखनिय कार्यहरु**

- ➢ सि सि क्यामरा जडान
- ➢ उजुरी पेटिकाको व्यवस्था गरिएको
- ➢ कृषक सहयोगी कक्षको स्थापना
- ➢ सुचना पाटी तथा वेभसाइट अन्य पत्रपत्रिका तथा रेडियोबाट सुचना प्रकाशन तथा प्रशारण
- ➢ कृषक पुस्तकालय तथा ज्ञान कक्ष स्थापना

दस्तखत :
नाम: सन्तोष पाठक
पद : सूचना अधिकारी
कार्यालय : एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दिया

दस्तखत :
नाम: सागर ढकाल
पद : प्रमुख
कार्यालय : एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दिया